# कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बनियानी, झापा
१ नं. प्रदेश, नेपाल

पत्र संख्या: २०७९/०८०
चलानी नं.: १३८४

मिति :- २०७९-०९-२८गते

**विषय :- जानकारी सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालयहरु सबै,
कचनकवल गाउँपालिका, झापा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको मिति २०७९/०९/२५ गतेको कार्यपालिका बैठकको निर्णयानुसार यस गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक विद्यालयहरुमा कार्यरत गा.पा अनुदानका नीजि शिक्षक, मा.वि. शिक्षक, अनुदान शिक्षक तथा ECD शिक्षक एवंम करार शिक्षकका सम्बन्धमा तपसिलको कैफियत देखिएको हुँदा उक्त शिक्षकहरुको सेवा करारलाई यस बर्षको शैक्षिक सत्र समाप्त भए पश्चात मिति २०८० साल बैशाख १ गतेबाट निरन्तरता नदिने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :-**

| सि.नं. | शिक्षा क्षेत्रको समस्या | समस्याले देखिएको कैफियत | समस्या पुष्टी गर्ने आधार |
|---|---|---|---|
| १. | विभिन्न सामुदायिक विद्यालयमा निजि श्रोत, गा.पा अनुदान, करारमा कार्यरत शिक्षकको सम्बन्धित तहको अध्यापन अनुमतिपत्र नभेटिएको । | शैक्षिक गुणस्तर कमजोर हुने | • शिक्षा ऐन तथा नियमावली विपरित नियुक्ति । <br>• कार्यापलिका बाट स्वीकृत भई गाउँसभाबाट समेत अनुमोदन हुनुपर्नेमा सो समेत नगरिएको । |
| २. | कम्प्युटर विषय अध्यापन हुने प्राथमिक तथा आधारभूत तहमा कम्प्युटर शिक्षक नियुक्ति नगरिएको तर माध्यमिक तहमा कम्प्युटर शिक्षकको दरबन्दी स्वीकृत गरी नियुक्ति गरिएको । | बिना कुनै प्रतिफल राज्य श्रोतमा अतिरिक्त भार पर्न गएको । | • माध्यमिक तहमा कम्प्युटर विषय अध्यापन नभएको । <br>• माध्यमिक तहमा नियुक्त गर्दा न्यूनतम शैक्षिक योग्यता स्नातक तह हुनुपर्नेमा प्रविणता प्रमाण पत्र तह (+2) मात्र तोकिएको । |
| ३. | ECD शिक्षकको न्यूनतम योग्यता शिक्षा संकायमा प्रविणता प्रमाणपत्र तह उतिर्ण तोकिएकोमा धेरै ECD शिक्षकहरुले न्यूनतम शैक्षिक योग्यता पुरा नगरेको पाइएको । | शैक्षिक गुणस्तर कमजोर हुने | • ECD शिक्षिकाको हकमा प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०७६ ECD मा कार्यरत शिक्षकको हकमा न्यूनतम योग्यता शिक्षा शास्त्र संकायमा प्रविणता प्रमाण पत्र तह (+2) हुनुपर्नेमा सो नभेटिएको । <br>• कार्यपालिकाको निर्णयविना शिक्षा समितिको सिफारिसको आधारमा शिक्षा संयोजकले नियुक्ति अनुमति दिनु प्रचलित नियम संगत नदेखिएको । |

**नोट :- ECD शिक्षिकाको हकमा प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०७६ जारी भए पश्चात न्युक्त भएकाहरुको हकमा शैक्षिक योग्यता अनिवार्य मानिनेछ ।**

२०७९।०९।२८

.............................
प्रमुख प्रशासकीय अधिकृत

हिरा कुमारी यादव
प्रमुख प्रशासकीय अ...

**बोधार्थ :-**

**श्री गा.पा अध्यक्ष ज्यूको सचिवालय, कचनकवल गाउँपालिका, झापा । (जानकारीको लागि अनुरोध छ ।)**
**श्री गा.पा उपाध्यक्ष ज्यूको सचिवालय, कचनकवल गाउँपालिका, झापा । (जानकारीको लागि अनुरोध छ ।)**
**श्री सूचना प्रविधि शाखा, कचनकवल गाउँपालिका, बनियानी, झापा । (यस गाउँपालिकाको वेभसाइटमा अप्लोड़ गराईदिनुहुन ।)**